नेपाल प्रहरी
मधेश प्रदेश प्रहरी कार्यालय
(प्रबन्ध शाखा)
जनकपुरधाम

कार्यालय फोन ०४१-५२००१०
कन्ट्रोल: ९८५४०२९७४१
E-mail: madhesh_proc@nepalpolice.gov.np

जनकपुरधाम, धनुषा

लिलाम विक्रि सम्बन्धी सिलवन्दी बोलपत्र आह्वानको सुचना नं. ०१/०८३/८४

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।०२ गते ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषामा खर्च नहुने जिन्सी खातामा आम्दानीमा रहि जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्ने भनी उल्लेख गरिएको तपसिलमा उल्लेखित १२ भोल्टका ब्याट्रीहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम सकार गर्नेले आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ११ को नियम १०८ (१) बमोजिम यो ७ दिने सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ती, फर्म, संस्था वा कम्पनीबाट गोप्य सिलवन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:-

- बोलपत्र फाराम खरिदको लागि नेपाल सरकारको राजश्व शिर्षक नं. १४२२९ (फारम विक्री) कार्यालय कोड नं. ३१४०४१७०१ मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषाको नाममा रकम १,०००।०० जम्मा गरेको सक्कल बैंक भौचर पेश गरि यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिने छ ।
- लिलाम बिक्रीको लागि जम्मा कायम भएको न्युनतम मुल्यमा दश प्रतिशतले हुने रकम रु. १२,०००।०० (अक्षरेपी बाह हजार) नगदै वा रा.वा. बैक जनकपुर शाखामा रहेको को.ले.नि.का. धनुषाको नाममा रहेको धरौटी खाता नम्बर १२२०१००१०२०३०००० मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्ने छ ।
- बोलपत्रको सूचना प्रकाशित भएको मिति २०८३।०६।०२ गते देखि २०८३।०६।०८ गते कार्यालय समय भित्र निवेदन साथ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र फर्म वा संस्था भए सो को ईजाजत पत्र पेश गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ । जुन नं. को बोलपत्र जसको नाममा जारी भएको हो, सो व्यक्ति वा फर्म बाहेक अन्य बाट बोलपत्र दालिखा गर्न सकिने छैन ।
- मिति २०८३।०६।०९ गते दिनको १२:०० बजे सम्म बोलपत्र दर्ता गरिने छ, दर्ता भएका बोलपत्रहरु सोही दिनको १४:०० बजे आमन्त्रित सरकारी कार्यालयको प्रतिनिधी र बोलपत्र दाताहरु वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट कार्यालय खुलेको दिनमा सोही समय भित्र दर्ता र खोलुवा गरिने छ । शिलबन्दी बोलपत्र खाम बाहिर यस कार्यालयको नाम लेखी लिलाम सम्बन्धी शिलबन्दि बोलपत्र खुल्ने दिनको १४:०० बजे भन्दा अगाडि नखोलि दिनु होला भनी उल्लेख गरी अनिवार्य लाहाछाप लगाएको हुनु पर्ने छ । बोलपत्र दाताहरु वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- बोलपत्रमा आफुले कबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
- कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।
- बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

कार्यालय प्रमुख
ओम प्रसाद अधिकारी
(प्रहरी नायब महानिरीक्षक)

- बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र अनिवार्य रुपमा आफुले कबोल गरेको मालसामानहरुको मुल्य र सो मा प्रचलित नियमानुसार लाग्ने कर समेत बुझाई मालसामानहरु जहाँ जे–जस्तो अवस्थामा छ त्यहीबाट उठाई लैजानु पर्ने छ ।
- सबै भन्दा बढी अंक कबोल गर्नेवाला बोलपत्र स्विकृत भए पछी कबोल गर्नेले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम नबुझाएमा वा मालसामानहरु उठाई नलगेमा निजको धरौटी जफत गरी निज भन्दा क्रमशः घटी कबोल गर्ने दोश्रो, तेश्रो, चौथोको कबोल अंक स्विकृत गरी लिलाम गरिने छ, सो गर्दा पनि लिलाम हुन नसकेमा धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाईने छ ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, कबोल अंकको दश प्रतिशत बैंक दाखिला सक्कलै भौचर वा बैंक जमानत पत्र समेत संलग्न राखी शिलबन्दी लाहछाप साथ बोलपत्र दर्ता गराउनु पर्ने छ र बोलपत्र खोलिने दिनमा सक्कल नागरिकता सहित बोलपत्र दाता उपस्थित हुनु पर्ने छ ।
- ईच्छुक व्यक्तिले लिलाम बिक्री हुने मालसामानहरु हेर्न चाहेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरी हेर्न बुझ्न सकिने छ ।
- लिलाम हुने मालसामानहरु मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषाको परिसर भित्र जे–जस्तो अवस्थमा छन् त्यहीबाट लिलाम सकार गर्ने ईच्छुक व्यक्ति, फर्म, संस्था कम्पनीले आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।
- यस कार्यालयबाट तयार गरेको बोलपत्रमा उल्लेख गरिएको रकम न्युनतम रकम भएको हुदा सो भन्दा घटि कबोल अंक मान्य हुने छैन ।
- यस सम्वन्धी अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुने छ ।

लिलाम गर्ने समानहरुको बिबरणः–

सि.नं.	सामानको नाम	परिमाण	इकाई	हाल कायम गरिएको प्रति इकाई न्यूनतम मुल्य रु.	जम्मा मुल्य रु.	बोलपत्र दस्तुर रु.	कै
१	१२ भोल्टको ब्याट्री १५० एम्पियरको	१५	थान	८५,५००।००	८५,५००।००	१,०००।००	
२	१२ भोल्टको ब्याट्री २०० एम्पियरको	५	थान	३४,५००।००	३४,५००।००		
				कायम न्युनतम मुल्य	१,२०,०००।००		
				मु.अ.कर			
				जम्मा कायम न्युनतम मुल्य			

कार्यालय प्रमुख
(ओम प्रसाद अधिकारी)
प्रहरी नायव महानिरीक्षक